
# BOOK REVIEW
## of the month
### Shrawan

## पुस्तक परिचय: खाइराइड

विधा: हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह
लेखक: राजेन्द्र कार्की
शीर्षक: साँझको सङ्गत
प्रकाशक: फित्कौली अनलाइन

नाम : अमू शाक्य
कक्षा : १० 'माछापुच्छ्रे'




## वास्तविक स्थिति र व्यङ्ग्यात्मक भाषाको संयोजन : खाइराइड

नेपाली हास्यव्यङ्ग्य निबन्धमा कलम चलाउने निबन्धकार राजेन्द्र कार्कीद्वारा लिखित 'खाइराइड' एक हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा जम्माजम्मी ३१ ओटा निबन्धहरू छन् । प्रत्येक निबन्धमा मौलिक आनन्द र मज्जा भेटिन्छन् । विशेष रूपमा हरेक निबन्धमा हाम्रो वरिपरि घटिरहेका घटनाहरूको मौलिक व्यङ्ग्य पाइन्छन् । यस पुस्तकमा विशेषत: मानवीय व्यङ्ग्य, राजनीतिक र प्रशासनिक उद्दण्डतासँग देशको विद्यमान अवस्थालाई तुलना गरी निचोडमा निस्सृत व्यङ्ग्य, आधुनिक धरातलमा पछाडि फर्केर हेर्दा पाइने परम्परागत कुरीतिहरूको व्यङ्ग्य आदि मुख्य रूपमा भेटिन्छन् । यो पुस्तक लेखकीय वा आफ्नो दृष्टिले मात्र नभई विविध पक्ष, प्राणी र तिनका समस्याहरूलाई विस्तृत चर्चा गरी व्यङ्ग्यात्मक हिसाबले रचिएको पुस्तक हो ।

उत्तर अमेरिकामा कुकुर हुन पाउनु ठूलो भाग्य हो । त्यसको लागि पूर्व जन्ममा राम्रो काम गर्नुपर्छ ।

(पृष्ठसङ्ख्या २, कुकुरको भाग्य )

# BOOK REVIEW

## of the month

### Shrawan

पहिलो निबन्ध 'कुकुरको भाग्य' मा शीर्षक पूर्णतः सार्थक हुने गरी कुकुरको प्रारब्ध चित्रण गरिएको छ । मानवीय दृष्टिले कुकुर अति नै दुर्भाग्य भएको मानवीय ठम्याई हो । तर वास्तविकता अलग्गै छ । यो निबन्ध पढ्नु अगाडि म पनि कुकुरको भाग्यमा बिचरा भनेर टिप्पणी गर्थें तर पुस्तक पढेपछि मात्र कूपमण्डूक संसारबाट बाहिर आएँ । हुन त आफ्नो कठिन अवस्थामा सोच्ने गर्थें कि मान्छेभन्दा त कुकुरको नै जीवन आनन्ददायक । न मानवीय अभिभारा बहन गर्नुपर्छ, न त मानवता पाठ नै । किशोर समयमा यस्तै सोचाइ आउने गर्थ्यो र निबन्ध पढेपछि निर्क्यौलमा पुगेँ कि कुकुरको भाग्य पनि जन्मस्थलअनुरूप पार्थक्य हुँदो रहेछ । सबैलाई छाडेर गरिब देशहरूमा जन्मेका कुकुर दुर्भाग्य र केही धनी देशमा जन्मिएको कुकुरहरू सौभाग्य हुन्छन् । मेरो पाठकीय दृष्टिअनुरूप कुकुरलाई मानिससित समान रूप देखाई मानवीय भाग्यलाई प्रकाश पार्न खोजिएको जस्तो पनि प्रतीत भएको थियो । त्यसै क्रममा मानवीय विभेद जस्ता शीर्षकहरूको भानूदय हुन्छ ।

जहाँ जति भागे पनि यमराजको द्वारमा पुगेपछि त्यहाँबाट पनि भाग्ने कुनै अर्को द्वार होला ?

(पृष्ठसङ्ख्या ९, भाग्दाभाग्दै)

'भाग्दाभाग्दै' नामक अर्को निबन्धमा यथार्थपरक मानवीय जीवनचक्रको वर्णन गरिएको छ । मान्छे जन्मेदेखि मृत्युसम्मको अवस्थामा भाग्ने विविध घटनाहरूलाई आखिर यस निबन्धले कहन्छ । मान्छे भाग्दाभाग्दै जीवनको सिरेटामा सिँगौरी खेल्दै, प्रगल्भता कायम राखी कुनै समयमा अवसरवादी बन्दै, कुनै समयमा विभीषिकाले छट्पटाउँदै मृत्युको द्वारमा पुग्छन् । मेरो विचारमा यो व्यङ्ग्य विशेष गरी चोर, दलालहरूमाथिको व्यङ्ग्य हुनुपर्दछ । यस वाक्यांशको तात्पर्य मेरो विचारमा जीवनकालमा अरूलाई दुःख दिई, लुटी, चोट पुर्याई, काटमार गरी, यौन शोषण, बलत्कार इत्यादि गरी ध्वंसात्मक प्रवृत्ति देखाएका मानिसहरू आफ्नो जीवनकालमा जति पटक भागे पनि अन्त्यमा यमराजको द्वारमा पुग्नै पर्छ । मुस्लिम धर्मअनुरूप अल्लाहलाई मुख देखाउनु नै पर्छ । तसर्थ जीवनकालमा सुकर्म गरी मोक्षप्राप्ति मिल्ने र जीवनमा कुकर्मले भाग्दाभाग्दै देहान्त भए पनि उसले सुख नपाउने विषय यस निबन्धमा लुप्त छ वा यस निबन्धको व्यङ्ग्यात्मक भाषा हो ।

# BOOK REVIEW

## of the month

### Shrawan

मान्छेको उनबाट नुनदेखि सुनसम्म जोडे । त्यतिले नपुगेर भेडै खाए । मान्छेलाई गुनै गुन लाउने भेडाको मासु खाँदा आँसु आउनु पर्ने हो । आँसु आउनु त कता हो कता, उल्टै भेडो भन्दै गालीको फाली रोप्छन् ।

(पृष्ठसङ्ख्या १३, जनावरलाई गाली किन ?)

'जनावरलाई गाली किन' नामक अर्को निबन्ध मानवीय दृष्टिसँग सम्बन्धित व्यङ्ग्य हो । यो निबन्ध पशुहरूको परिप्रेक्ष्यबाट लेखिएको निबन्ध हो । यस निबन्धमा मानवीय स्वभावमाथि व्यङ्ग्य गरिएको छ । मान्छेले कुनै काम बिगार्दा उसले पशुको दर्जा पाउँछ । यो हाम्रो जीवन र जीवन वरिपरिको घटना नै हो । हामीले सुनिरहेका हुन्छौँ वा भोगिरहेको नै हुन्छौँ कि कसैसँग झगडा पर्दा वा कसैको कुरा काट्दा गधा, गोरु, कुकुर, बिरालो जस्ता जनावरहरूको दर्जा पाउँछौ । मानौँ, आफू निकै सर्वश्रेष्ठ हो । भन्न त हामी आफैलाई सर्वश्रेष्ठ प्राणी भन्छौँ तर सर्वश्रेष्ठको गुण नै छैन भने दर्जाको मात्र के काम भयो र ! अस्ति फेसबुक चलाइरहँदा एउटा भिडियो देखेको थिएँ । भिडियोमा एउटा कुकुरले मानिससँगै जेब्रा क्रसिङबाट बाटो काटिरहेको थियो । हेर्दा घरमा पालिएको कुकुर जस्तो पनि थिएन । उसलाई आफ्नो गन्तव्यमा पुग्न केही हतार थिएन । अर्कातिर मानिस छन् जो जेब्रा क्रसिङ हुँदा हुँदै छिटोछिटो बाटो काट्न जहाँबाट नि तय गर्छन् । मानिसले पशुबाट धेरै कुरा सिक्न सक्छन् । यसरी सर्वश्रेष्ठको दर्जा पाउँदैमा मानवीय धर्म भुल्नु हुँदैन । आत्मश्लाघा, धूर्तता, सामन्ती प्रवृत्तिलाई तिलाञ्जली दिँदै - 'अष्टादशपुराणेशु व्यासस्य वचनद्वयम, परोपकार पुण्याय पापाय परपीडनम्" आदर्शको अनुयायी हुन जरुरी छ । तब मात्र 'सर्वश्रेष्ठ' दर्जाले सार्थकता पाउँछ । नभए नेपालमा जन्मेको तर विदेशी संस्कृति मन पराउने जस्तो खिचडी हुन्छ, न दालको न चामलको ।

जङ्गलमा सिंहलाई स्वतन्त्रता छ । उसले जसलाई खान्छु भन्छ, उसैलाई खान पाउँछ । जता जान्छु भन्छ, उतै जान पाउँछ । कसैले रोक-तोक गर्दैन ।

(पृष्ठसङ्ख्या ३४, कहाँ छ स्वतन्त्रता )

# BOOK REVIEW

## of the month

### Shrawan

दीनहीनका लागि जताततै सीमानाको बार हुन्छन् । बार कहिल्यै टुट्दैनन् ।

(पृष्ठसङ्ख्या ३४, कहाँ छ स्वतन्त्रता )

‘कहाँ छ स्वतन्त्रता’ नामक अर्को निबन्धमा मानिसको मिथ्या प्रतीतिलाई व्यङ्ग्य गर्दै वास्तविक धरातलमा पाइला टेकाउँछ । मानिस आफूले आफैलाई स्वच्छन्द प्राणी सोच्दछ । केही हदसम्म यो सही पनि हो तर पूर्णतः सही हैन । यति हदसम्म सही छ कि प्राच्य समाजभन्दा अहिले हामी ज्यादै स्वतन्त्र भएका छौँ तर पनि विद्यमान समयमा नवउदारवादी, सामन्ती, पूर्वाग्रह स्वभावको अन्त्य हुन सकेको छैन । ऐश्वर्यशाली र अकिञ्चनबिच विभेद, पार्थक्य धारणा वा सोचाइमा द्वन्द्व, धार्मिक र भाषिक भिन्नतामा द्वन्द्व आदि विषयहरूले स्वतन्त्रताको मर्मलाई पूर्णतः सशक्त रूपमा कमजोर बनाउँदै छन् तर स्वतन्त्र विषयसँग सम्बन्धित केही अपवादहरू पनि छन् । पहिलेका नारीहरूलाई घरायासी कामको बन्धन भित्र राखिन्थ्यो र त घर सम्हाल्नमा निपूण हुन्थे । अहिलेका युवतीहरूलाई बढी स्वच्छन्दता दिइयो, परिणामतः अहिलेका अत्याधुनिक युवतीहरूलाई खाना बनाउन र घरायासी आधारभूत कार्य पनि गर्न आउँदैन । नारीको सन्दर्भमा मात्र नभई पुरुषको सन्दर्भमा पनि उस्तै हालत छ । पहिलेका पुरुषहरू कमाई गरी परिवार पाल्न सिद्धहस्त थिए परन्तु अहिलेका पुरुषहरुलाई उमेर नपुग्दै स्वप्नदोषले सताउँछ, हस्तमैथुनबाट वञ्चित हुँदैनन् र महिलाहरू पनि सामाजिक सञ्जालमा बिरालो जस्तो मुख बनाएर फोटो खिच्न मात्र जानेकी छे । तसर्थ स्वतन्त्रता कहाँ छ भनेर प्रश्न गर्नुभन्दा पनि हदभन्दा ज्यादा स्वतन्त्रताको परिणामको चर्चा गर्दै विद्यमान वर्गप्रति आलोचनात्मक टिप्पणी गरे निबन्ध सान्दर्भिक हुने थियो भन्ने मेरो समालोचकीय दृष्टि हो । निबन्धमा चर्चा गरेको भाषिक, सामाजिक, वैश्विक विषयहरू अति ज्ञानवर्द्धक र व्यङ्ग्यात्मक रहेको छ ।

सजिलो काम छोडेर कसले गाह्रो काम गर्छ ? नेता हुन छोडेर को जनता बन्छ ?

(पृष्ठसङ्ख्या ६५, लेखकको कन्दनी)

# BOOK REVIEW

## of the month

### Shrawan

'लेखकको कन्दनी' नामक निबन्धमा लेखकीय र पाठकीय दृष्टिको तादात्म्य पाइन्छ । विशेषतः पाठक हुनुको पीडालाई यस निबन्धले द्योतन गरेको छ । हुन त लेखक हुनुभन्दा अघि पाठक हुन समेत अत्यावश्यक छ तर निबन्धमा लेखकलाई लेख्ने मान्छे र पढ्नु नपर्ने मान्छे भनेर भनिएको छ । सायद मेरो विचारमा सहज कार्यमा मात्र हात अघि सार्ने मानवीय स्वभावलाई व्यङ्ग्यात्मक किसिमले दर्साइएको छ । यस निबन्धको मूल व्यङ्ग्य पनि उही हो - सहजता चाहना मानिसको आकाङ्क्षा । केही हदसम्म यो निबन्ध राजनीतिक विषयसित पनि तुलना भएको छ । निबन्धमा सहजता र मानवीय स्वभाव ठक्कर खाँदा कुरूप राजनीति अप्रत्याशित-निःसृत रूपमा यसरी आएको छ - "सजिलो काम छोडेर कसले गाह्रो काम गर्छरु नेता हुन छोडेर को जनता बन्छ र ?" (पृष्ठसङ्ख्या ६५) । अन्ततः बौद्धिक चोरी, पाठकीय धर्म जस्ता विषयहरू पनि निबन्धमा देखा परेका छन् ।

बुद्धको देश भन्छ । बुद्ध दर्शन पढाउँदैन । मार्क्स, माओ र लेनिन र लिङ्कन पढाउँछ ।

(पृष्ठसङ्ख्या ११५, नेपालीले गर्छ)

'नेपालीले गर्छ' निबन्धमा नेपालीहरूको प्रवृत्ति र राजनीतिक उद्दण्डताको दोभान प्रस्तुत गरिएको छ । नेपालीहरूको साझा प्रवृत्ति आडम्बरी वा देखावटी स्वभावमाथि लेखकले व्यङ्ग्य गरेका छन् । नेपालमा भनाई, बोली र अवस्थाबिच असामञ्जस्य हुने यथार्थपरक कुरा पनि यस निबन्धले समेटेका छ । हामी नेपाललाई कृषिप्रधान देश भन्छौँ तर भएभरको कृषिजन्य खाद्य पदार्थ वा पेय पदार्थहरू निर्यात गरी छाँक टार्छौँ अनि गर्व गर्छौँ । हुन त कृषि क्षेत्रमा सम्भावना नै नभएको भने पक्कै हैन तर "अलसस्य कुतो विद्या अविद्यस्य कुतो धनम् अधनस्य कुतो मित्रम् अमित्रस्य कुतः सुखम्" नीतिश्लोकको मर्म नबुझ्ने र पाश्चात्यीकरणबाट अभिशप्त भई आलस्योन्मुख भएका सुषुप्त वर्गहरू जे पनि सहज मार्ग नै खोज्छन् । यस व्यवहारमाथि पनि निबन्धले ज्योति प्रदान गरेको छ । नेपालीहरू आफ्नो देशको सकारात्मक पाटोलाई थप श्रीवृद्धि गर्ने, नकारात्मक पाटोलाई परिष्करण गर्ने जस्ता कार्यमा भन्दा अन्य देशको खुब चासो राख्छन् । भनिन्छ नि-आफ्नो आङको भैँसी नदेख्ने, अर्काको आङको जुम्रा हेर्ने । त्यही उखानको चरम चरितार्थ नेपालीहरूको बानीव्यवहारमा झल्किन्छ । नेपालमा राजनीतिल अस्थिरताले खम्बा

# BOOK REVIEW
## of the month
### Shrawan

गाडेको हाम्रो निम्ति नवोदित विषय हैन । यसबाट प्रभावित भई जनता पनि जन अस्थिर प्रवृत्तिबाट गुज्रिँदै छ ।अर्थात् सुषुप्त राजनीतिज्ञहरूबाट तन्द्रा अवस्थामा पुगेका जनताहरू पनि सुषुप्त बन्नेतर्फ लाग्दै छन् । कोहीकोही आलोचना गर्ने र यस विषयको प्रसङ्गमा अपवादजनक पात्र बन्ने जनताहरू पनि होलान् तर टिकाउपूर्ण नहुने कुरामा द्विमत छैन । नेपाली जनताहरू नेपालीराजनीतिज्ञहरूबाट देशलाई विनाश गरी ममत्व भावना उब्जाउने तालिम लिँदै छन् भन्ने यस निबन्धको अर्को व्यङ्ग्य हो । यसरी हेर्दा राजनीतिको कुरूपपनले नै जनताहरूमा वाद र तन्त्रको भावको उदय भएको छ । यी दुर्घटनाका विषयलाई जनताले बोध गरी समाजवादी सपनालाई साकार पार्न अत्यावश्यक छ ।

पहिले एउटा सिंहदरबार थियो । अहिले देशभरि जतातते सिंहदरबार छन् । देश डुबको भए कसरी एउटा सिंहदरबारको ठाउँमा सयौँ सिंहदरबार हुन्थे त!

( पृष्ठसङ्ख्या ७९, देश डुब्यो)

देश डुब्यो निबन्धमा प्राच्य समयदेखि विद्यमान समयसम्मको राजनीतिक अवस्थालाई हेर्दा पहिलेकै बेस भन्ने लेखकीय धारणा प्रस्तुत भएको छ र नेपालको वर्तमान राजनीतिमाथि व्यङ्ग्य गरेका छन् । निर्मम राणाशासनको अन्त्य पछि जब मदन भण्डारी र बीपी कोइराला जस्ता राजनीतिज्ञहरू उदाए, तब देश समाजवादतर्फ उन्मुख थियो । अन्तर्राष्ट्रिय सम्बन्ध बलियो र परराष्ट्रनीति मजबुत थियो । तर अहिलेको अवस्थासम्म आइपुग्दा ज्यादै परिवर्तन भेटिन्छ तर नकारात्मक पक्षको । प्रजातन्त्रको सूर्योदयपश्चात् जनता र राजनीतिक कार्यकर्ताहरूको मिलनले देश समाजवादी हुनुपर्ने हो । तर ध्वंसात्मक प्रवृत्तिका नेता र रुग्णमानसिकताले युक्त जनताहरू अन्धमहत्त्वाकांक्षी भएकाले देश विकास हैन विनाशतर्फ उन्मुख छ । यसका साथै युवावर्गको पलायन र राजनीतिक कुरूप व्यवहार मुख्य सारको रूपमा आएको छ । राजनीतिक दलको मै लाउँ, मै खाउँ व्यवहारले को चाहिँ देशमा बस्न चाहान्छ तर अर्को पक्षबाट हेर्ने हो भने आफ्नो उत्साहको इन्धन देशको सर्वाङ्गीण विकासमा लगाउन पनि नसक्ने हैन ।

फेरि घरैघर फलेको काठमाडौंमा साग र सिस्नु फलाउने जमिन नै कहाँ बाँकी छ र !

( पृष्ठसङ्ख्या ९४, पद पैसा)

# BOOK REVIEW
## of the month
### Shrawan

ज्यान बचाउने डाक्टरको खल्ती र ज्यान मार्ने डाँकुको खल्तीबिच पनि पैसाले विभेद ठान्दैन ।
( पृष्ठसङ्ख्या ९५, पद पैसा)

पद पैसा नामक निबन्धमा पद र पैसाको अन्योन्याश्रित सम्बन्ध, महत्ता र द्विपक्षीय (प्रतिस्पर्धात्मक लेखकीय धारणा प्रस्तुत भएको छ । यस निबन्धमा पद र पैसाको को जीवनोपयोगी महत्ता त देखाएको नै छ साथै अप्रत्यक्ष रूपमा मानवीय प्रवृत्ति समेत मुखरित छ । माथि उल्लिखित आभूषण यस प्रसङ्गमा युक्तिसङ्गत विषय हुन्छ । पदाधिकारीलाई पैसा ठूलो, धनीलाई पद ठूलो र पद अनि पैसाले सम्पन्न व्यक्तिलाई दुइटै हातमा लड्डु भनेझैँ लाभ नै लाभ । एउटा सुन्दर प्रसङ्ग पनि यस निबन्धमा समाविष्ट छ । निर्जीव कागज पैसा जसको पनि खल्तीमा विभेदरहित रूपमा वास बस्छ तर मानिसले पैसा परिश्रम गरी मात्र आर्जन गर्दैन, मिलीभगत गरी, चोरीचकारी गरी आदि नराम्रा कार्यको अनुकरणले पनि आर्जन गर्दछ । यस प्रसङ्गमा दोस्रो प्रदत्त आभूषण युक्तिसङ्गत हुन्छ । हुन त गरिबको लागि 'बुभूक्षितः किं नरकोति पापम्' विवशताले भए पनि लागु होला तर पुँजीवादी समाजमा अन्धमहत्त्वाकांक्षी व्यक्तिहरूलाई वा भनूँ पैसाको लागि निकै गिर्ने मानिसहरूको बाहुल्यताले परिवार, समाज र देश विनाशतर्फ लम्कँदो छ ।

बुहारी पनि छारी हुन् । तर सासू चाहिँ आमा होइनन् ।
( पृष्ठसङ्ख्या ८५, बुहारी सासु)

'बुहारी सासु' नामक निबन्धमा सम्बन्धको मार्फत पाश्चात्यीकरण र कुरूप आधुनिकीकरणलाई चित्रण गरेको छ । प्राच्य समयमा बुहारी नै घरकी लक्ष्मी हुन्थिन् । भन्न त अहिले पनि भनिन्छ तर भन्नु मात्र र कार्यान्वयनमा आउनुमा पार्थक्य छ । पहिलेको समाजमा 'यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता' मनस्मृतिको नीतिश्लोकलाई सार्थक पार्ने बुहारी नै हुन्थिन् तर निबन्धमा भने सरह अहिलेको युगमा सासु बुहारी हैन बुहारी सासू प्रचलित छ । आखिर पाश्चात्यीकरणको नकारात्मक छाप जो बसेछ हाम्रो समाजमा । पहिले पहिले सासू बुहारी भए पनि 'सङ्घे शक्ति कलौ युगे' आदर्शलाई बढावा दिँदै सहकार्य गरी अघि बढिथ्यो । अहिले बुहारी सासूमा

# BOOK REVIEW
## of the month
### Shrawan

रूपान्तरण भएपछि यसले शाब्दिक रूपान्तरण मात्र गरेन, कहिले बुहारीको पालो कहिले सासूको पालो र ताक परे तिवारी नत्र गोतामे दुई उखानलाई तादात्म्य बनाएको छ । अर्थात्, सासू बुहारीबिच हुनुपर्ने सुसम्बन्धमा विरोधको भूमिका खेलेको छ । यो लेखकीय धारणा मात्र हैन, वास्तविक नेपाली समाजमा देखा परेको छ । यथार्थपरक नेपाली समाजमा पश्चिमीकरणको प्रभावले वा त्यसबाट अभिशप्त भई विरोधाभास अर्थालङ्कार उत्पन्न भएको छ ।

बाहिर खूब आदर्शका कुरा गर्छन्, तर भित्रभित्रै छुरा धस्छन् ।

(पृष्ठसङ्ख्या ९०, सरको डर )

सरको डर नामक निबन्धमा चार प्रकारका सरहरूको चर्चा गरिएको छ जो वास्तवमा गुरु नभई हाम्रो समाजको विकासका विरोधी हुन् । प्रा.डा. देवी नेपालले गुरू नामक कवितामा भन्नुएको छः “गुरुमा ज्ञानको ज्योति चम्किलो जब बन्दछ, धर्तीले जन्मको सार पूर्ण भो अनि भन्दछ ।” तर कानमारा सरको परिप्रेक्ष्यमा हेर्ने हो भने उक्त कवितांश अर्थपूर्ण हुँदैन । सत्ययुग, त्रेतायुग र द्वापरयुगमा पो असल गुरु भेट्न सहज छ तर हालको कलियुगमा आफू मट्टीझैँ गलेर मूर्ति निर्माण गर्ने गुरु भेट्न अत्यन्तै मुस्किल छ । यौनको उदरक्षौद्रतृष्णापूर्ति गर्न दुश्प्रयास, दुश्कार्य गर्न पछि नहट्ने मानिस अहिले छ्याप्छ्याप्ती छन् । त्यही व्यक्तिहरूलाई तनमारा सरको वर्गभित्र वर्गीकृत गरेको छ । आनन्दले काम नगरी धन कमाउने मानिसहरू पनि यो समाजमा कम छैनन् । त्यस्ता भ्रष्टाचारीहरूलाई धनमारा सरअन्तर्गत वर्गीकृत गरिएको छ । धनमारा सरकै पर्याय ज्यानमारा सर हो । आफ्नो स्वार्थका लागि अरूको हानि गर्ने मान्छेको बाहुल्यता कम छैन । अतः ज्यानमारा सर पनि विद्यमान समाजमा उत्तिकै प्रचलित छ । निबन्धले त्यस्ता दुराचार रहेका व्यक्तिहरुमाथि व्यङ्ग्य गरेका छन् ।

माने पनि नमाने पनि सृष्टिको आधार त्यही लिङ्ग हो । लिङ्ग भएन भने सृष्टिको आधार निराधार बन्छ । तर सृष्टिको आधार त्यो लिङ्गलाई मान्छे बाहेक कुनै प्राणीले पनि छोप्दैनन् ।

( पृष्ठसङ्ख्या ६७, लिङ्गपुराण )

# BOOK REVIEW
## of the month
### Shrawan

लिङ्गपुराण नामक निबन्ध धार्मिक विषयसिय सम्बन्धित निबन्ध हो । धार्मिक शीर्षकमा आधारित यस निबन्धले सामाजिक ,सामयिक,सान्दर्भिक विषयलाई समाविष्ट गर्दछ । लैङ्गिक विभेदले जरा गाडेको हाम्रो समाजमा लैङ्गिक समानतालाई जोड दिन निबन्धकारले सुझाव दिएको छ । मुख्यतः यस निबन्धको मुख्य सार भनेको नै पहिचान हो । निबन्धमा लैङ्गिक पहिचानलाई जोड दिई अतिशयोक्ति अलङ्कारको नै प्रार्दुभाव भएको छ । तर सामान्यतया हामीले बुझ्नुपर्ने भनेको मौलिक पहिचान हो । निबन्धको तेर्सो भाषालाई क्षितिजीय भाषामा रूपान्तरण गर्दै जाँदा यो निचोडमा पुग्न सक्छौँ कि कार्य, क्षमता र सिपअनुरूप आफ्नो दखलता प्रस्तुत गर्न सङ्कोच मान्न हुँदैन । गर्वको विषयलाई उद्बोधन गर्न जरुरी छ । यहाँ कार्य, क्षमता र सिपको उपमा लिङ्गलाई दिइएको छ ।
समष्टिमा यो निबन्धको व्याख्या गर्नु निकै जटिल छ । निबन्धमा लुप्त गहन व्यङ्ग्यात्मक अर्थ, सरल भाषाशैलीबाट आर्विभावन भएका सुन्दर अनुप्रास, यमक आदि खाइराइड हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहका सुन्दर पक्ष हुन् । नाम आफैमा रहस्य बोकेको छ यसले । यस निबन्ध सङ्ग्रहअन्तर्गत रहेको खाइराइड निबन्धले पनि अधिकांश निबन्धहरूको पूर्ण सार बुझ्न ज्यादै मदत गर्यो । सर्जक राजेन्द्र कार्कीको व्यङ्ग्यात्मक कौशल अद्वितीय छ । संभवतः अपूर्णताको नाम पनि कहीँकतै भेटिन्छ । पाठकीय आलोचना पनि आवश्यक विषय हो । लिङ्गपुराण निबन्धमा सार र सन्देशको तादात्म्य अति सुहाउँदो छ तर देवीदेवतालाई लक्षित गरी सामाजिक मर्यादा विपरीतका वस्तुसित तुलना गर्दा अलि अशोभनीय भएको प्रतीत भयो । हाइ हाइ अमेरिका निबन्धमा पनि सुहाउँदो व्यङ्ग्य मैले भेटिनँ । निष्पक्ष रूपमा भन्नुपर्दा अमेरिका पठाउन अनुप्राणित गरेको प्रतीत भयो । त्यसैगरी सरको डर निबन्धमा मानवीय प्रवृत्तिमाथि व्यङ्ग्य गर्न खोजिएको कुरा विदित छ तर गुरुलाई नजोडिएको भए सर्वोत्कृष्ट हुने थियो । भनिन्छ नि (गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः, गुरु साक्षात् परब्रह्म तस्मै श्रीगुरुवे नमः। यस श्लोकको विपरीत भएको भान भयो । हुन त कथा, आख्यान, कविता, नाटक आदिको धेरै समीक्षा गरेको मैले निबन्धको प्रवृत्ति नबुझेको पनि हुन सक्छु । निबन्ध समालोचनामा म नवप्रवेशी हुँ । योभन्दा अघि लक्ष्मण गाम्नागेको कति धुनु गधाहरूलाई निबन्ध सङ्ग्रहको समीक्षा गरेको थिएँ । फगत एउटा कृतिको समालोचनाले उक्त कृतिको आद्योपान्त प्रवृत्ति बुझ्न सकिदैन ।

# BOOK REVIEW
## of the month
### Shrawan

तसर्थ मेरो समालोचनामा पनि निबन्धका केही अनुभूतिलाई टिपोट गरी आलोचना गरेको छु ।

निष्कर्षको रूपमा भन्नुपर्दा आफैमा जादुमय हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह 'खाइराइड' कृतिका सबै निबन्धहरू रोचक, रमणीय र पारिवारिक, सामाजिक, ऐतिहासिक, प्रशासनिक, राजनीतिक दृष्टिले ज्ञानको उत्तम भण्डार हो । विशेषतः निबन्धका पुस्तकहरू नेता, राजनीतिज्ञ वा सो विषयमा इच्छुक व्यक्तिहरूलाई नै सिफारिस गरिन्छ । म पनि निबन्धको प्रवृत्ति, सरल भाषाशैली र सरल वाक्यमा लुप्त गहन विषयको प्रस्तुतीलाई विहङ्गमदृष्टि लगाउँदै राजनीतिक विषयमा इच्छुक र विकासको नौका हाँक्ने कर्णधार बालबालिकाहरूलाई सिफारिस गर्दछु ।